नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 23 No 10 Monthly International Edition of Herald of His Coming October 2022

वर्ष २३, अङ्क १० हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (कार्तिक, २०७९)

मिसनरी (सेवा) कार्य गौरवमय छ

(Missionary Work is Glorious)

– By Andrew Murry

सेवाको कार्य अति नै गौरवमय छ। हामी यी बाइबलका पदहरूबाट हेर्नेछौं। "अति उहाँले तिमीहरूलाई भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर अनि ती चेलाहरूले गएर सबै ठाउँमा प्रचार गर । प्रभुले तिमीहरूका साथमा काम गर्दे र हनुभयो, र चिन्हहरूद्वारा वचनलाई सुदृढ पार्नुभयो।" (मर्कुस १६ : १५, २०)

येशू ख्रीष्टका प्रारम्भिक साथीहरू मिसनरीहरू थिए। जब आत्मिक जीवन स्वस्थ हुन्छ त्यति बेला मिसनरीको काम भइहाल्छ। परमेश्वरको प्रेमको कारण मिसनरी हो। जब तपाई यो कारणलाई विचार गर्नुहुन्छ। त्यतिबेला तपाईंलाई परमेश्वरले तपाईंको हृदय भित्रपट्टि र ाखिदिनुभएको प्रेमको अनन्तदृष्टिलाई लिनुपर्ने हुन्छ। मिसनरी कार्य अति नै बुहमूल्य छ, आउनुहोस् यो कार्यलाई कसर ी गौरवमय र महत्वपूर्ण बनाउन सकिन्छ तलका बाइबलका पदहरूलाई विचार गर ौं।

१. अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ। तब येशू तिनीहरू कहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा दिएका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।" (मत्ती २४:१४, २८:१८ - २०)

यही कारणले गर्दा येशूहरूले स्वर्गको राज्यलाई छोडुनभयो। राष्ट्रहरू उहाँका उत्तराधिकार छन्, जसलाई उहाँका पिताले दिनुभएको छ। (भजनसंग्रह २ : ८) दुष्टको शक्ति पनि संसारमा स्थापित भएको छ। येशूले आफूलाई विजेताको रूपमा प्रमाणित गरेको हुनुपर्दछ। उहाँको महिमा र उहाँको दोस्रो आगमन उहाँले मिसनरीहरूलाई दिनुभएको कामको आधारमा हुन्छ।

२. मिसनरी कार्य यस पृथ्वीमा मण्डलीको प्रमुख काम हो। प्रभु येशूले सबै सुसमाचारका पुस्तकमा लेखिएका वाक्यहरूले यही कुरा सिकाउँछन्। (मर्कुस, १५:१६, प्रेरित १:८) परमेश्वर शिर हुनुहुन्छ र उहाँ आफ्ना शरीरका अंगहरूलाई उहाँमा नै निर्भर भएको चाहनुहुन्छ। जसले गर्दा उहाँ एक्लैले त्यो काम गर्न सक्नु हुनेछ। ख्रीष्टको शरीरको अंग भएकाले मण्डलीको सदस्य भएकाले के म आफैले यो कामको एक भाग बन्नेको लाई आफैलाई समर्पण नगरुँ ? जसले गर्दा त्यो उद्देश्य प्राप्त गर्न सकियोस्।

३. मिसनरी कामको लागि पवित्र आत्मा दिइएको थियो। हेर्नुहोस् यो आत्माको प्रतिज्ञा हो। आत्माको अगुवाइमा यो कार्य पत्रुस बर्नाबास, र शाऊललाई दिइएको थियो (प्रेरित ११ : १२ : १३ :२) मण्डलीको इतिहासमा हामीले यो कुरा प्राप्त गर्न सक्छौं कि, जागृतिको समय र सुसमाचारको समय साथ साथै हातमा हात मिलाएर सँगसँगै जान्छ। परमेश्वरको राज्य विस्तारको निम्ति पवित्र आत्माले सधैं उत्साह दिनु

हुन्छ ।

४.मिसनरी कार्यले मण्डलीमा आशिष ल्याउँदछ । यो कार्यले विश्वासीहरूको जीवनमा ठूलो उत्साह र आफैलाई इन्कार गर्न सिकाउँछ । यस कार्यले परमेश्वरको अद्भुत शक्तिलाई पनि प्रदर्शन गरेको छ । यो कार्यले परमेश्वरलाई प्रेम गर्नेहरूका निम्ति पापीहरूलाई कसरी रूपान्तरण गर्ने शक्ति वचनमा छ भन्ने पनि प्रमाणित गर्दछ । यस्तै यसले हरेक मानिसको हृदयलाई परमेश्वरको महान् योजनाहरू बुझ्न धैर्यता साथ उहाँले दिनुभएका कुराहरूलाई लिन सिकाउँछ । मिसनरीको काम एउटा मण्डलीको लागि जीवनको उदाहरण हो, जसले मण्डलीमा थप जीवन ल्याउँछ ।

५. यो कार्य संसारको लागि कस्तो आशिषको कुरा हो । यदि मिसनरीहरू युरोप महादेशमा हाम्रा मुक्ति नपाएका पुर्खाहरूकहाँ नआएका भए हामी कुन अवस्थामा हुने थियौं होला ? संसारमा कति देशहरूमा छन् मिसनरीको कार्यले गर्दा कति ठुलाठुला आशिषहरू पाएका छन् । यदि मिसनरीको कार्य नभइदिएको भए संसारभरीका लाखौं-करोडौं मानिसहरूको के हालत हुने थियो होला ? मिसनरीहरूले स्वर्ग र नरकलाई एउटा रणभूमिको रूपमा हेर्दछन् जहाँ येशू र दुष्टका शक्तिहरू एक आपसमा लडाई गर्दछन् । हाय ! कि युद्ध यति कमजोर रूपमा जारी रहनुपर्दछ ।

६. मिसनरीको कामले तपाईंले आफ्नो आत्मामा शान्ति प्राप्त गर्नु हुनेछ । यो काममा तपाईं सहभागी हुनुभयो भने आफ्नो विश्वासलाई तपाईंले प्रयोग गर्न अवसर पाउनु हुनेछ । यो कार्य विश्वासमा गरिने काम हो । जहाँ सबै कुराहरू विस्तार चल्छ, मानिसको इच्छाअनुसार यो चल्दैन । यसरी तपाईं परमेश्वर र उहाँको वचनमा रहिरहन सक्नु हुनेछ । प्रेम जीवित रहनेछ, जागृत रहनेछ र तपाईं यो कार्यमा सहभागी हुनुभयो भने तपाईंले विश्वास गरेका राजा र प्रभुको सामुन्ने महान् आशिष प्राप्त गर्नको लागि खुल्ला आँखाको अगाडि कुनै सीमाविहीन, स्वतन्त्र भएर ढुक्कसँग हिँड्न सक्नु हुनेछ । तपाईंसग कति साँचो प्रेम जीवित छ भन्ने तपाईंले थाहा पाउनु हुनेछ । त्यो सानो प्रेम नै तपाईंको लागि प्रशस्त छ जस्तो तपाईंलाई लाग्नेछ ।

अब तपाईं प्रार्थनातिर खिचिइनु हुनेछ । मध्यस्थकर्ताको रूपमा तपाईंको आह्वान र शक्ति तपाईंलाई प्रस्ट हुनेछ र तपाईंले परमेश्वरको राज्यको लागि काम गर्न परमेश्वरबाट आशीर्वाद प्राप्त गर्नु हुनेछ । उहाँ साँच्चिकै हराएकाहरूलाई खोज्न आउनु भएको रहेछ भन्ने कुरा तपाईंले स्पष्ट रूपमा आफ्नै जीवनमा बुझ्नुहुनेछ । दुष्टका युक्तिहरूका विरुद्धमा अब तपाईं पनि लडाईं गर्न सक्नुहुनेछ र उनीहरूको तर्फबाट अब तपाईं आफै लड्नु हुनेछ । कस्तो महान् विश्राम र समर्पण ।

वास्तवमा भन्ने हो भने मिसनरी कार्य तपाईंले सोचेको भन्दा धेरै महिमाको र पवित्र छ । यो कार्यमा तपाईंलाई थाहा भएको भन्दा अझ धेरै आशिष छ । तपाईंले जानेको र अनुभव गरेको भन्दा बढ्ता नयाँ जीवनको अनुभव तपाईंले गर्नु हुनेछ । मिसनको काममा आफैलाई सहभागी बनाउनको लागि वचनको आज्ञाकारितामा आफैलाई फेरि अर्पण गर्नुहोस् । हो, तपाईंका हृदयका परमेश्वरले तपाईंलाई अझ धेरै सिकाउनु हुनेछ र धेरै आशीर्वाद दिनुहुनेछ ।

परमेश्वरको एउटा असल सेवक कसरी बन्ने होला भनी तपाईंले सोच्नुभएको छ भने तल दिइएका दिशानिर्देशहरूलाई पछ्याउनुहोस् वा यी कुराहरू एकदमै विचार गर्नुहोस् ।

माथि व्याख्या गरिएका छ वटै मिसनरी किन हुनुपर्ने भन्ने कारणहरूसँग एकदमै परिचित हुनुहोस् ।

वास्तवमा तपाईंको आवश्यकता कुन देशमा वा कुन ठाउँमा छ जान्नको लागि विभिन्न लेखहरू र पुस्तकहरू खोजी-खोजी पढ्नुहोस् ।

ती मानिसहरूको जीवनमा परमेश्वरले कस्तो र कसरी काम गर्दै हुनुहुन्छ खोज्ने प्रयास गर्नुहोस् । अहिले त्यहाँ के काम भइरहेको छ कसरी काम भइरहेको छ खाँचो के छ ? राम्रोसँग अध्ययन गर्नुहोस् । यस विषयमा अरू झन मिल्ने साथीहरूसँग कुरा कति गर्नुहोस् । सायद तपाईंको छिमेकमा एउटा मिसनरी समाजनै पनि स्थापना गर्न सक्नुहुनेछ । महिनामा एक पटक मिसनमा गएका मानिसहरूको लागि प्रार्थना गर्न सकिन्छ कि ? केही सहायता गर्न सकिन्छ कि ? विचार गर्नुहोस् । यो विषयमा तपाईंको मनमा यस्ता कुराहरू उब्जिए भने एकान्तमा तपाईंले प्रार्थना गर्नुहोस् ।

तपाईंको व्यक्तिगत प्रार्थनामा राज्यको आगमनको निश्चित स्थानहोस् । परमेश्वरको प्रतिज्ञाअनुसारका वचनको खण्डहरूको प्राप्त गर्न भर मगदुर प्रयास गर्नुहोस् । सम्पूर्ण अगमवक्ताका पुस्तकहरू विशेष गरी यशैयाको

पुस्तकमा राष्ट्रहरूको सम्बन्धमा लेखिएका घटनाहरू राम्रो सँग अध्ययन गर्नुहोस् । (यशैया ४९:६, ६० : १ - ३) सेवकहरूको जो मिसनरी भएर जान्छन् तिनीहरूलाई सहायता गर्नुहोस् । तपाईंलाई तिनीहरूले सोधेको वेलामा मात्र सहायता गर्ने होइन तपाईंले दिने इच्छा गर्नु त्यति वेला मात्र होइन, यसको अलवा तपाईंको कमाइको एक भाग नै मिसनको लागि छुट्याएर राख्नुहोस् ।

उहाँको काममा सहयोग गर्नको लागि तपाईं अझै लगनशील भएर काम गर्दै हुनुहुन्छ भन्ने कुरा परमेश्वरले देख्नु भएको होस् । यदि तपाईंको छिमेकमा कतै मिसनको काम भइरहेको छ भने त्यसको सहभागि हुने प्रयास गर्नुहोस् । हुनसक्छ यो कार्य अपूर्ण नै किन नहोस् । मानिसले गरेको काम कहाँ सिद्ध हुन्छ ? अपूर्ण काम भयो भनेर कहिल्यै पनि गुनासो नगर्नुहोस् ।

परमेश्वरका पुत्र, जब तपाईंले आफ्ना चेलाहरू कहाँ आफ्नो आत्माबाट फुकिदिनु भयो, तिमीहरूले पवित्र आत्मा ग्रहण गर भन्दै उहाँले थप्दै जानुभयो । उहाँ भन्नुहुन्छ, "जसरी पिताले मलाई पठाउनुभएको छ त्यसरी नै म पनि तिमीहरूलाई पठाउँछु ।"

के हामी भन्न सक्छौं प्रभु म यहाँ छु मलाई पठाउनुहोस् । मलाई पनि तपाईंको आत्माबाट सास फुकिदिनुहोस् तकि म तपाईंको राज्यको लागि बाँच्न सकूँ । आमिन् ।

नयाँ जीवनबाट लिइएको (Taken From The New Life)

प्रभु आउँदै हुनुहुन्छ
The Lord Is Coming

By Horatius Bonar (1808 – 1889) (20220910)

"यसकारण सधैँ तयार बस । कतिबेला तिमीहरूका परमप्रभु आउनु हुनेछ भन्ने कुरा तिमीहरूलाई थाहा हुने छैन । यसकारण तिमीहरू पनि तयार बस । मानिसको पुत्र यस्तो समयमा आउनेछ जसको तिमीहरूले आशा गरेका हुने छैनौं । (मत्ती २४:४२,४४)

हामी यो चेतावनीलाई हाम्रो निम्ति शिक्षाको रूपमा लिन्छौं, प्रारम्भिक चर्चको सत्यबादिताको कुरा गर्दा ; हामी सायद धेरै सत्यवादी भन्न सक्छौं, वा कम्तिमा पनि धेरै कुरा बलपुर्वक हुन्थ्यो; तर बीसौं शताब्दीमा हामी त्यसको समापनको धेरै नजिक पुगेका छौं । यो उहाँको आफ्नै चेतावनी हो भन्न सक्छौं किनकि यो कुरा धेरै स्पष्ट छ; धेरै व्यावहारिक छ, धेरै खोजतलास गर्न लायक छ । यसलाई निम्न क्रममा लिन सक्छौं:

हाम्रो प्रभु आउनुहुनेछ !

उहाँको नाम प्रभु, मालिक, राजाहरुका राजा आदि हो तर धेरै प्रचलित शब्द यहोवा नै हो। उहाँको नाम हाम्रो, वा तपाईंको, प्रभु - "तपाईंको प्रभु । उहाँ हुनुहुन्छ ! यसरी उहाँ हामीसँग जोडिनु भएको छ र हामी उहाँसँग जोडिएका छौं !उहाँलाइ मित्र, गुरु, शिक्षक, राजाको रूपमा पनि लिन्छौं । हाम्रो प्रभु आउनुहुनेछ ! उहाँ महानमध्ये एक हो, यहाँ अज्ञात भविष्यको निश्चितता पाउँछौं। उहाँले आउन ढिलो हुन सक्छ, तर उहाँ अन्तमा आउनुहुनेछ। हामी माथि धेरै बाधाहरू उठ्न सक्छ, तर उहाँले समाधान गर्नुहुनेछ ! आउनुहोस् । मानिसहरूले उहाँलाई नचाहे पनि उहाँ आउनुहुनेछ। चर्च सेलाएको हुन सक्छ, तर उहाँ आउनुहुन्छ। पृथ्वीले उहाँको आवश्यकता छैन भन्ने सोच्न सक्छ, तर उहाँ आउनुहुनेछ! गिल्ला गर्नेले भन्न सक्छ, प्रतिज्ञा कहाँ छ? उहाँको आगमन खोइ ? भन्न सक्छ,तर उहाँ आउनुहुनेछ। शैतानले विरोध गर्न सक्दो प्रयास गर्न सक्छ, तर उहाँ आउनुहुनेछ। यो ठूलो भविष्यको निश्चितता वा निश्चयता हो, जुन खीष्ट र उहाँका प्रेरितहरूले हामीलाई दावी गरेका छन् "हाम्रो प्रभु आउनु हुनेछ ।

हामीलाई थाहा छैन कुन समयमा ?

पिताले मात्र समय जान्नुहुन्छ, हामीलाई थाहा छैन - न मानिस, न स्वर्गदुत, न चर्च, न त कुनै पनि संत, होइन, यो पनि भनिन्छ, "पुत्रलाइ पनि समय थाहा नहुन सक्छ। यो परमेश्वरको महान रहस्य मध्ये एक हो । मानिसलाई यसरी बनाउनुपर्छ भन्ने सहज गणना छ, तर स्वर्गदूतहरूलाई किन यस्तो समय थाहा भयो, र पुत्रलाई किन यस्तो समय थाहा भयो, तर हाम्रो लागि किन त्यस्तो समय थाहा भएन भन्नुहोस्। यो एक महत्त्वपूर्ण रहस्य हुनुपर्छ, जब यसरी पिता स्वयंमा मात्र सीमित छ। यो सेवा गर्ने केही विशिष्ट उद्देश्य हुनुपर्छ। त्यो के हो हामीलाई अहिले थाहा छैन, तर हामीलाई पछि थाहा हुनेछ। त्यो पल,

निस्सन्देह, परमेश्वरको उद्देश्य निश्चित थियो, तर त्यो समयको ज्ञान हामीलाई दिइएको थियो ! तिनीहरूले गल्ती गरे त्यसैले, जसले पलपलमा सुधार गर्ने प्रयास पनि गरे, यसरी परमेश्वरले एक रहस्य निकाल्न खोज्दै हुनुहुन्थ्यो। सम्पूर्ण विषयमा बेवास्ता गर्नेले गल्ती गरे किनभने यो रहस्य हो ,जो त्यससँग जोडिएको छ। कसैले गलत गरेको कारणले गर्दा सम्पूर्ण विषयको उपहास गरेका थिए , अगमवाणीका केही व्याख्याकर्ताहरूको त्यो हतारो प्रयास थियो वा सबैलाई दुःखी तुल्याउने असफलता थियो । यसरी, "हामीलाई थाहा छ र "हामीलाई थाहा छैन पनि " -हामी जान्दछौं कि उहाँ आउनुहुनेछ; तर हामीलाई थाहा छैन "उहाँ कहिले आउनुहुन्छ ।

पहरा

उहाँको धरहरामा पहरेदार भए जस्तै, शत्रुको बिरुद्धमा सिपाही जागा भएर उभिए जस्तै, बिमान चालकले पर्बत र कन्दरा नियाले जस्तै; मध्यरातको लुटेराको डरले घरधनी जागा भए जस्तै - "पहरा दिनुहोस ! पहरा दिनुपर्छ निदाउनु हुँदैन। अल्छी नबन्नुहोस्। चारै तिर हेर्नुहोस। पहरा दिनुपर्ने कारण छ, त्यो हो - प्रभु आउँदै हुनुहुन्छ, र हामीलाइ त्यो समय वा पल थाहा छैन। उहाँले उदाहरण दिंदै यसरी सचेत गराउनु भएको छ, यदि घरधनीलाई लुट्न डाँका आउने समय थाहा थोयो भने त्यति बेला मात्र उ जागा रहन्छ,यदि उसलाई लुट्न डाँका आउने निश्चित थियो तर समय थाहा थिएन भने सरल भाषामा ऊ कहिले आउँछ भनेर पुरै रात जागा हुन्छ वा पहरा दिन्छ । त्यसैले हामी संग प्रभु हुनुहुन्छ र उहाँले सिकाउनु भएको सरल ज्ञानले हामीलाई धेरै सतर्क बनाएको छ - हामीलाई थाहा छैन कहिलेसम्म सचेत रहनु पर्छ तर थाहा छ निरन्तर सचेत रहनु पर्छ !

आफैले हाम्रो पहरेदार राखेका छैनौं, वा शरीरमा रहेका छौं, वा शैतानको जगजगी छ, वा संसारमा जिउनु परेको छ। अरूले जस्तै मस्त नसुतौं, तर हामी जागा भएर हेरौं र शान्त भएर बसौं !

तयार हुनुहोस् !

हामी चारै तर्फ हेर्न सक्छौं र थाहा छ अझै तयार छैनौं। हाम्रा प्रभुले चेला र प्रेरित दुबैलाइ चनाखो हुन जोड दिनुभएको छ। तिमीहरू मेरा चेलाहरू हौ, तयार बस! तपाईं सन्त(प्रेरित) हुनुहुन्छ, तयार रहनुहोस! तयारी के छ त ? त्यहाँ १) खडा हुने तत्परता छ - "उहाँमा पूर्ण, "परमेश्वर को अनुग्रहले तिमीहरू खडा भएका छौ; २) पोशाकमा तत्परता - हामीले राम्रो सूती कपडामा तयारि हुनुपर्छ,

त्यो सफा र सेतो होस् , यो ख्रीष्टको धार्मिकतामा तयारि हुनु हो, ३) हृदय र आत्माको तत्परता - हामीले प्रेम गर्नुपर्छ, उहाँलाई प्रेम गर्नुहोस् र उहाँको उपस्थितिलाई प्रेम गर्नुहोस्। हाम्रो सारा इच्छा उहाँप्रति हुनुपर्छ, त्यसैले हामीले सारा हृदयले प्रेम गर्नुपर्छ ! पबित्र आत्माले हामीमा बास गरोस् र हामी प्रभुका जन हौं भनि छाप लगाइ दिनुहोस् भन्न सक्नुपर्छ ! ४) पबित्र आत्माको निम्ति तत्परता - हाम्रा बत्तीहरूमा तेल थप्ने मात्र होइन, तर हाम्रा भाँडाहरूमा पनि पवित्र आत्मा स्वयंले भर्नु हुन्छ । उहाँ हाम्रा मालिक हुनुहुन्छ र अझै पनि हाम्रो निम्ति रुँदै, "तयार रहनुहोस भन्नु भएको छ !

एउटा चेतावनी

१, अल्छे प्रेरितलाई चेतावनी । ननिदाउ । जाग ! कसैको (दुष्ट आत्माको) प्रभावहरूमा मुनि पर्नबाट सावधान रहनुहोस, जसले तपाईंलाई प्रभुको उपस्थितिमा उदासीन बनाउँदछ। संसारिक तर्कहरूबाट सावधान रहनुहोस; बहानाबाट सावधान रहनुहोस् ! झुठा आध्यात्मिक तर्कहरू; अलमल्ल पार्ने मृत्युका तर्कहरु र ख्रीष्टको आगमनलाई भ्रमित गर्ने कुराबाट सावधान रहनुहोस् ! जल्दो बल्दो युबा उमेरका गल्तीहरू र प्रलोभनहरूबाट सावधान रहनुहोस् ।

२. अनिर्णित (ढुलमुले)को लागी चेतावनी । तपाईं चिन्तित हुनुहुन्छ, तर तपाईं निर्णय गर्न सक्नु हुन्न। तपाईं बेहोस हुनु भयो,

एक क्रिश्चियन हुन चाहनु भयो , तर अहिले सम्म विश्वासी होइन। तपाईं येशूको अनुयायी हुन चाहानुहुन्छ, तर तपाईं ढिलाइ गर्न चाहनुहुन्छ। परमेश्वरलाइ धोका नदिनुहोस; परमेश्वरलाइ गिल्ला गरिएको छैन। एकै पटकमा निर्णय गर्नु उचित हो; नत्रता परमप्रभु आउनुहुन्छ र डगमगाउने गरेको कारणले तपाइको गन्तब्य उहाँले अन्त्य गर्नुहुन्छ ।

३. लापरवाही गर्नेलाई चेतावनी । संसार मै लापरवाही गर्नेहरुको जमात ठूलो छ, कोहि मस्त घुरिरहेका छन्, आफ्नो व्यर्थको सपना देख्दैछन्, पापमा रमाइ रहेका छन् , व्यर्थतामा , विलासितामा, मोजमज्जा आनन्दमा, हर्षो उल्लासमा । ख्रीष्टले भन्नुहुन्छ; जाग; धेरै नसुत ! जाग, नत्रता तिम्रो मालिकले तिमीमाथि निगरानी गर्नु हुनेछ। ब्यूँझनुहोस्, नत्र तपाईंलाई जगाउने पहिलो कुरा उहाँले बदला लिने तरवारको चमक हुन सक्छ !

पापको छल
(The Deceitfulness of Sin)

By Charles H. Spurgeon (1834 – 1992)

"...एउटाले अर्कालाई अर्ती देओ, र पापको छलछामले तिमीहरू कसैको हृदय कठोर नहोस् ।" (हिब्रू ३:१३) पापले गरेको छल सबैभन्दा विनाशकारी हुन्छ । हामीसँग गोप्य पापहरू, पर्दा पछाडि लुकेका पापहरू, लोकप्रिय पापहरू, मनमोहक पापहरू, छलपूर्ण पापहरूका विरुद्धमा गम्भीर भएर हेर्ने र प्रार्थना गर्नु पर्छ ।

पापले धोका दिन्छ जससँग त्यस्तै प्रकारको शक्ति छ । पापको छललाई हामीले विभिन्न दृष्टिकोणबाट हेर्न सकिन्छ । पापले मानिसहरूका भएका सबै घिनलाग्दा स्वभावहरूलाई पर्दाफास गर्दैन, यसले आफ्नो भयानक नतिजाहरू प्रकट गर्दैन । पाप हामीकहाँ एकदमै सूक्ष्म प्रकारले आउँदछ । पापले मानिसलाई फाइदा देखाउँदै प्रवेश गर्न सक्दछ । पापको अभ्यासलाई यसको दण्डको रूपमा शङ्काले प्रोत्साहित गर्न सक्छ । हो, परमेश्वरले भन्नुभएको छ "पापले परमेश्वरप्रतिको विश्वासलाई हृदयबाट निकालिदिन्छ । परमेश्वर वचनप्रतिको पापपूर्ण अविश्वासको सानो थोपाले आत्माका सबै विचारहरूलाई कति विषाक्त बनाउँछ, त्यो सम्बन्धित व्यक्तिलाई पनि थाहा हुँदैन ।

पाप मानिसको जीवनमा प्रवेश गर्दा अक्सर एक खाली सुझाव, वा एक कल्पनाका रूपमा आउँछ । हावाजस्तै नदेखिने प्रकारले यो मानिसको जीवनमा प्रवेश गर्दछ । हामीले गल्ती गर्ने बारेमा सोचेका पनि नहुन सक्दछौ न त यसको बारेमा कुरा नै गरेका हुन सक्दछौं तर त्यो तपाईंको जीवनमा सुटुक्क पस्दछ र तपाईंको जीवनमा यसले अड्डा जमाउँछ । तपाईंलाई सुरुसुरुमा थाहा नै हुँदैन तर विस्तारै-विस्तारै यसले तपाईंलाई मोहित पार्दछ र तपाईंको भित्रपट्टि यो चम्कन्छ । दुष्टले जादुले काम गरेजस्तै कामहरू तपाईंको जीवनमा घातक प्रकारले गर्दछ । ईश्वरीय भरोसामा कमी हुँदै जान्छ र स्वइच्छा बढ्दै-बढ्दै अगाडि जान्छ । पापको दुष्टताले मन्त्रकै रूपमा तपाईंको जीवनमा काम गर्दछ पाप बढ्दै जाँदा तपाईंको हृदयमा यो परिपक्व हुँदै जान्छ तपाईंको हृदयमा धूर्तता बढ्दै जान्छ । पापलाई तपाईंले थाहा पाउनुअघि नै यसले तपाईंमा जरा गाडिसकेको हुन्छ ।

पापसित हामी र हाम्रा परिस्थितिहरूमा आफूलाई छाँटकाँट गर्ने तरिका छ । धनी मानिसहरूको हृदयमा पापको तीर नै हुन्छ र गरिबहरूको लागि विन्दु । उसमा सम्पन्नहरूका लागि एक प्रकारको विष हुन्छ र असफलहरूको लागि अर्को । जीवनको समुद्रमा माछा मार्ने क्रममा यसले सबै माछाहरूलाई मार्न एकै प्रकारको विष प्रयोग गर्दैन । तर उसले कुन कुन प्राणिलाई पक्रनु पर्ने हो त्यो उसलाई राम्रोसँग थाहा हुन्छ । यदि पापले तपाईंलाई उल्लु बनाउँछ भने, यसले तपाईंलाई इर्ष्या गर्न, वा चोरी गर्न, वा परमेश्वरमाथि शंका गर्न, वा लाभका गलत बाटोहरू पछ्याउन प्रलोभन दिन्छ । यदि पापले तपाईंलाई धेरै नै धनी भएको देख्यो भने, तपाईंलाई असफल पार्न यसले अर्को बाटो हेर्नेछ । यसले तपाईंको धन खर्च गराउनको लागि आत्मा भोग वा गर्व वा सांसारिक पोसाक (फेसन) मा प्रलोभन देखाउँछ । दुष्टलाई हाम्रो बारेमा हामीलाई भन्दा उसलाई धेरै थाहा छ । उसलाई हाम्रा कच्चा ठाउँहरू थाहा छ, हाम्रा कमजोरीहरू, हाम्रा युवा अवस्थामा गरेका पापहरू हामीलाई देखाइदिन्छ । पाप, उत्तरी हावाजस्तै, पुरुषहरूको जीवनमा हुने कमजोरीहरू पत्ता लगाउँछ, ती कमजोरीहरूको सिट्टी बजाउँछ । पापले हामीले गरेका गल्तीहरूलाई सिट्टी बजाएर बाहिर निकाल्न खोज्छ हामी नजानिँदो पाराले यसको पासो पर्दछौं र आफैलाई आत्मग्लानितिर धकेल्दछौं । सिंह लुकेर आफ्नो शिकारको नजिक पुगेझैं पाप हामीतिरै लम्कन्छ । यसले हामीलाई प्रलोभनमा पार्दछ । पापका आवाजहरू नौनी घिउजस्तै चिप्ला हुन्छन् । वास्तवमा तिनीहरू तरबारै भएर मानिसलाई काट्न सुरु गर्दछन् ।

पापको चमक

अर्को पाप यसको वस्तुमै छलपूर्ण छ । पापले हाम्रो अगाडि राखिदिएका वस्तुहरू वास्तविक तिनीहरू त्यस्ता छैनन् । हामी हाम्रा सृष्टिकर्तालाई उत्तेजित पार्ने प्रलोभनमा परेका छैनौं वा हामीले जानाजानी धार्मिकताको अख्तियार त्यत्तिकै त्याग्दैनौं । हामी आफ्नै लागि ती चिन्हहरू गरिरहेका पनि हुँदैनौं । यसबाट के असल होला भनी हामी खराबी काम गर्न उत्प्रेरित हुन्छौं ।

मानिसले जब आफ्नो जीवनमा पापलाई काम गर्न दिन्छ उसलाई अतिरिक्त लाभ हुन्छ भन्ने उसले सोच्दछ । तर अलि अर्कै लाभ होला कि भनी सोच्ने मानिसको स्वभाव हो । कम्तीमा लाभलाई मात्र नहेरी आफ्नो नैतिकतातिर मात्र हेर्ने हो भने पनि ऊ धेरै कुराहरूबाट बच्न सक्दछ । यसलाई यसरी भनु "नराम्रो काम गऱ्यो कि फाइदा भयो" भन्ने विचार त्याग्ने हो भने पाप गर्नबाट केही मात्रामा बाँच्न सकिन्छ ।

यसरी हेर्दा, खराब काम गर्ने व्यक्तिको अगाडि पाप चराको अगाडि झुण्डिएको चाराजस्तै हो । चारलाई यसले कतिबेला निलिहाल्छ थाहै हुँदैन । यी एउटा छलको टुक्राजस्तै हो । खराबीले कहिले पनि असल कार्मातिर डोहोऱ्याउँदैन । न त पापले हाम्रो वास्तविक लाभलाई बढावा नै दिन्छ । यदि हामीले यस्तो सोच्दछौं भने हामी मुर्ख नै ठहरिन्छौं । पाप गर्न मानिसले परमेश्वरको व्यवस्थालाई भङ्ग गर्दछ र सृष्टिकर्तालाई अवहेलना गर्दछ । पापले विश्वासलाई गहिरो हुनबाट रोक्दछ । पापूर्ण जीवनले भरिएको मानिसले परमेश्वरको भन्दा आफ्नो फाइदाको लागि काम गर्दछ । पाप स्वभाव भएको मानिसले परमेश्वरबाट आउने न्यायलाई ध्यान दिँदैन । उसले के राम्रो र के नराम्रो छ भन्ने कुरा थाहै पाउँदैन ।

पहिलो मानिस आदम र हब्बालाई हेर्ने हो भने सर्पले तिनीहरूलाई यसरी नै धोका दिएको थियो । सर्पको उसलाई यो तपाईंको फाइदाको लागि हो भनी छक्यायो । तिमीले यो सुखको फल खायौ भने तिमीहरू बुद्धिमान हुनेछौ र तिमीहरूका आँखाहरू खुल्नेछन् र तिमीहरू परमेश्वरजस्तै हुनेछौ भनी झुक्यायो । तिमीले यो फल खान सक्छौ भनी फाइदा देखाउन सैतान सफल भयो । हब्बा सजिलै यो दुष्टको जालमा फसिन् किनभने त्यो हर्दामा अति नै सुन्दर देखिन्थ्यो । हाम्रो अगाडि राखिएका सबै हेर्दा सुन्दर लाग्ने वस्तुहरू फाइदाका हुँदैनन् । पाप जहिँ पनि हुन्छ, सडकहरूमा, घरमा, निजको कोठामा सबै ठाउँमा यसले हामीलाई मन्त्रमुग्ध पार्न खोज्दछ । हो हामी हिँड्ने बाटो एकदमै साँघुरो तथा कम फाइदाको हुन सक्छ, तापनि दुष्टलाई आफ्नो जीवनमा आउन नदिनुहोस् । किनभने यसले हामीलाई नरकसम्मै पुऱ्याउन सक्दछ ।

भ्रामक तर्कहरू

उत्पत्तिको पुस्तकमा हब्बालाई पापले छल गरेको देखिन्छ तर पापले पुरुषहरूलाई पनि छाड्दैन । पुरुषहरूलाई पनि यसले आफ्नो छल देखाउँछ । के तपाईंले शैतानको आवाजले तपाईंलाई कहिल्यै फकाएको अनुभव गर्नुभएको छैन ? कुनै पनि कुरामा धेरै हल्ला नगर्नुहोस् । सानातिना कुराहरूमा अल्झिनु हुँदैन । त्यो पनि त सानै कुरा हो ध्यान दिनलायक छैन भनी कहिल्यै पनि नसोच्नु होला । मेरा साथीहरू को पाप पनि सानो हुन सक्छ र पाप सानो भए तापनि यो अतिती घातक हुन सक्दछ । जसले परमेश्वरको मन दुखाउँछ त्यो कहिल्यै पनि सानो हुन सक्दैन । उत्पत्तिको पुस्तकमा परमेश्वरले आदम र हब्बालाई नखानु भनेको फलको रुख सानो थियो तर पनि यसले संसारमा मृत्यु ल्यायो । यो कार्यबाट शैतान खुसी भयो तर परमेश्वरलाई दुखित तुल्यायो । परिणाम विचार गरौं त हरेक कारणले परिणाम कस्तो हुँदोरहेछ । सानो काम ठूलो परिणाम ।

पापले जहिले पनि यो प्रश्न उठाउँछ र भन्दछ "के भो साँच्चै गलत हो" ? के हामी आफै ठीक हुन सक्दैनौ र ? के अवत समय परिवर्तन भएन र ? के हाम्रो परिस्थितिले परमेश्वरको आदेशहरूलाई परिवर्तन गर्दैन र ? गल्ती गर्न चाहनेहरूले यस्तै यस्तै प्रश्नहरू सोच्न सक्दछ । यस्ता प्रश्नहरू हृदयमा रहने हो भने शैतानलाई स्वागत गरिरहन्छ । गल्ती गर्ने मानिसले जहिले पनि वहाना खोज्दछ ।

त्यो मानिस जो सत्यताप्रति वफादार हुन्छ, ऊ परमेश्वर (राजा) प्रति सधैं सत्य रहन्छ । जब मानिसलाई कुनै कुरा सही छ भन्ने निश्चित हुँदैन ऊ गलत बाटोमा जान सक्दछ ।

पापले मानिसको चाप्लुसी गर्दछ । ऊ यति टाढा जान्छ कि उसले परमेश्वरलाई सजिलै बिर्सन्छ । पापको कारणले मानिसले अपराध गर्न सक्छ । यति हुँदा पनि उसले आफूलाई निर्दोष नै ठान्न सक्छ । उसले आफ्नो ज्ञानले आफू सुरक्षित भएको महसुस गर्न सक्दछ । उसको विचारमा मैनबत्तीमा कीराले निभाउन खोजेजस्तै हो । यो कहिलै पनि सम्भव हुँदैन । जो मानिस पापबाट टाढै बस्दछ उसले परमेश्वरलाई पहिलो स्थान दिन्छ र अरूहरूलाई पनि पापबाट सुरक्षित पार्दछ । हामी परमेश्वरतिर फर्कौं र परमेश्वरको अनुग्रहलाई ग्रहण गरौं र पापको छल र कठोरताबाट परमेश्वरतिर फर्कौं ।

पापले यो पनि थप्न सक्दछ "र, आखिरमा तपाईं गलत भए तापनि तपाईं जति खराब हुनुहुन्थ्यो त्यति त म छैन नि" यस्तो घमण्डी विचारले मानिसलाई पापतिर फस्न प्रलोभन दिन्छ । तपाईंलाई यतिबेला अचम्म पनि लाग्न सक्दछ समग्रमा तपाईंले अरूहरूले गरेको भन्दा राम्रो व्यवहारत: गर्नुभएकै जस्तो लाग्न सक्छ, यसरी पाप गर्ने मानिसले आफ्नो पापको जाल बुन्न सक्दछ पापीले स्वधर्मीपक्षको नाटक गर्न सक्छ जुन

गल्तीहरूमा हिँड्दा पनि नम्र भएजस्तै अभिनय गर्न सकिन्छ । पापले जहिले पनि आफ्नै मात्र प्रसंसा गर्दछ ।

पापले सुझाव दिन्छ र भन्छ ठिकै छ, अर्को पटक असल काम गरौंला नि के भयो र भइहाल्छ । प्रियहरू परमेश्वरको नजिक जानुहोस् र शैतानको विरोध गर्नुहोस् अनि विजयी जीवन जिउन सक्नु हुनेछ । यस काम गर्ने प्रयास गर्नुहोस्, पापको उद्यमतालाई त्याग्नुहोस् ।

झुटा प्रतिज्ञाहरू

पापले गरेको प्रतिज्ञाहरूमा छलहरू देख्न सकिन्छ । पापको प्रतिज्ञाहरूलाई विचारै नगरी हामी पापमा फस्दछौं । कतिपटक पापले स्वतन्त्रताको प्रतिज्ञा गर्दछ, जसले यसलाई स्विकार गर्दछ त्यो मानिस पापको दास बन्दछ । कतिपटक पापले उज्यालोको पनि प्रतिज्ञा गर्न सक्दछ, मानिसले नयाँ प्रकाश प्राप्त गर्न पुरानो विश्वासलाई सजिलै त्याग्न सक्दछ । हिजोको, आजको प्रकाशलाई विचार गर्ने हो भने त्यो भन्दा यो सात गुणा बढी हुन सक्दछ । यस्तै पापले मन र आस्थाको उचाइको प्रतिज्ञा गर्दछ, दुराचारी सांसारिक, मज्जालाई प्रेम गर्ने, झुट, अन्धविश्वासीतिर मानिसलाई धकेल्छ । पापले आफ्नो खासै प्रतिज्ञातिर ध्यान दिँदैन, पवित्रता सत्य हो र पाप झुटा हो । झुटाले कसरी आनन्दको कुरा गर्न सक्छ ? पापले मानिसलाई दुःखमा पुऱ्याउँछ । यसले स्वर्गको वहाना बनाउँछ तर वास्तविकतामा मानिसलाई नरकमा पुऱ्याउँछ ।

आफूलाई सत्यको मार्गमा राख्नको लागि परमेश्वरमा भरोसा राख्नुहोस् ।

कसैलाई पनि धोका दिन हुँदैन भन्ने कुरा मानिसले थाहा पाउनु पर्दछ । हुन त मानिसमा घमण्ड छँदैछ । कुनै पनि महिला यस्तो विचारले भ्रमित नहुन् कि उनी कुनै पनि हालतमा पापमा फस्नै सक्दिनन् । उनी उत्पत्तिमा मात्र होइन, आज पनि उत्तिकै खतरामा छिन् । हामीसँग त्यो सर्प अझै पनि छँदैछ त्यससँग पूर्ण रूपमा विजय प्राप्त गर्ने हाम्रो आफ्नै बुद्धि छैन । परमेश्वरको बुद्धि हाम्रो जीवनमा नगरेसम्म हामी वलीको बोकाजस्तै मारिने छौं र हाम्रो मूर्खतामा हामी नष्ट हुनेछौं । परमेश्वरको बुद्धि ग्रहण गरौं र पापबाट सुरक्षित रहौं ।

व्यावहारिक अवलोकनहरू

हामी दैनिक रूपमा पापको छल गर्ने कठोर र प्रवृत्ति सधैं लडाईं गर्नुपर्दछ । यो कसरी सम्भव छ ? हृदयको कठोरता र पापको छलबाट जोगिने तरिकामा विश्वास गर्नुपर्छ । हामीले परमेश्वरको वचनमा हेर्न सक्दछौं । "आज्ञा नमान्नेहरू नै उहाँको विश्राममा कहिल्यै पस्न पाउने छैनन् भनी उहाँले सपथ खानुभएको होइन र ? यसैले हामी देख्दछौं, अविस्वासको कारणले नै तिनीहरू पस्न सकेनन्" (हिब्रू ३:१८-१९) विश्वास गर्नुहोस् । "विश्वासले तिमीलाई बचाएको छ ।" विश्वास गर्नुहोस् विश्वासले तपाईंलाई बचाउने छ । विश्वास गर्नुहोस् विश्वासले तपाईंलाई ख्रीष्टमा ल्याएको छ । विश्वास गर्नुहोस्, यसले तपाईंलाई ख्रीष्टमा राख्नेछ । वर्तमान प्रलोभनहरूको विरुद्धमा विश्वास गर्नुहोस् । पापका सबै छलफलका विरुद्धमा विश्वास गर्नुहोस् । तपाईंको विश्वासले पापको छल भ्रमित हुनेछ । जीवित परमेश्वरमा विश्वास गर्नुहोस् र उहाँको धार्मिकतामा र उहाँको सेवा गर्ने तपाईंको दायित्वमा पाप धेरै समयसम्म टिक्ने छैन । ख्रीष्टमा विश्वास गर्नुहोस् जसले तपाईंको पापलाई आफैले लिनुभयो र आफैलाई काठको क्रुसमा टुङ्ग्याउनु भयो । उहाँ निवस्त्र हुनुहुन्छ हाम्रो पाप क्षमा गर्नको लागि । पवित्र आत्मामा विश्वास गर्नुहोस् जसको शक्तिले तपाईं पापको छलबाट छुटकरा पाउन सक्नुहुन्छ । र, जसरी तपाईं विश्वास गर्नुहुन्छ । तपाईंलाई पनि त्यस्तै हुनेछ र तपाईं छिटो उभिनु हुनेछ जहाँ आधा कम्ति विश्वास भएको मानिस उहाँतिर फर्कन्छ र पूर्ण हुन्छ ।

मैले दिने अर्को सल्लाह यो पनि हो, यदि तपाईंले आफूलाई पापको छलबाट बचाइनुहुन्छ भने, परमेश्वरलाई इमानदारीपूर्वक स्वीकार गर्नुहोस् । जीवित परमप्रभुको सामु आफ्नो हृदय खाली राख्नुहोस् । तपाईंको दुष्टतालाई स्वीकार गर्नुहोस् । यो विनम्र पश्चाताप तपाईंको क्षमाको लागि मात्र होइन, भविष्यको शुद्धताको लागि पनि हुनेछ । अहो ! परमेश्वरको आत्माले तपाईंलाई यो सिकाउनु हुनेछ ।

फेरि तपाईंको हृदयको कोमलता देखाउनु होस् म परमेश्वरको वचनद्वारा ग्रीष्म ऋतुमा मकैको रुखलाई हावाले बहाएझैं प्रभावित हुनेछ । म परमेश्वरको आत्माद्वारा घाँसका पातहरू झै लहलह हुनेछ । म मेरो प्रभुको कोमल स्वासप्रति सम्वेदनशिल हुनेछ ।

यो कुरा विचार गरौं परमेश्वरले हामीलाई एउटाले अर्कोलाई प्रोत्साहन गर्न बोलाउनुभएको छ । सबैभन्दा राम्रो विश्वासीहरू आफ्ना साथीहरूको कुराकानीबाट आत्मिक वृद्धि गर्न सक्छन् । हे प्रियहरू, मैले भनेका कुरामा ध्यान दिनुहोस् र परमेश्वरमा समर्पण गर्नुहोस् । पवित्र आत्माले तपाईंलाई ठेस लाग्नबाट बचाउनु हुनेछ । विश्वासी बन्नुहोस् र उहाँमा भरोसा राख्नुहोस् । परमेश्वरले तपाईंलाई सबै पाप र झुटबाट छुटकारा दिन तयार हुनुहुन्छ ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com